उदयपुरगढी गाउँपालिका

# उदयपुरगढी राजपत्र

खण्ड : ९ संख्या : ४ मिति : २०८२/०५/०२

**भाग – २**

**उदयपुरगढी गाउँपालिका**

## उदयपुरगढी गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२ जारी गरिएको छ।

आज्ञाले,
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## उदयपुरगढी गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०८२

प्रकाशित मिति २०८२-०५-०२

**प्रस्तावनाः**

उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको बार्षिक कार्यक्रममा व्यवस्था हुने छात्रवृत्ती वितरण कार्यक्रमलाई न्यायोचित र व्यवस्थित् रुपबाट सञ्चालन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल सरकारको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम **उदयपुरगढी गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०८२** रहेको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यपालिका भन्नाले यस उदयपुरगढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्दछ ।

घ) समिति भन्नाले उदयपुरगढी गाउँपालिकाको सामाजिक विकास समिति सम्झनु पर्दछ ।

ङ) शाखा भन्नाले उदयपुरगढी गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनु पर्दछ ।

च) लाभग्राही भन्नाले कार्यक्रममा तोकिएको यस उदयपुरगढी गाउँपालिका भित्र स्थायी बसोबास भएको अध्ययनरत यस कार्यविधि बमोजिम छनोट भएको व्यक्ति सम्झनु पर्दछ ।

### परिच्छेद २

### छात्रवृत्तीको किसिम र व्यवस्था

३. गाउँपालिकाले वितरण गर्ने छात्रवृत्तीको किसिममा देहाय बमोजिमका छात्रवृत्तीहरु पर्नेछन् ।

क) दलित समुदायको विद्यार्थीको लागि छात्रवृत्ती

ख) आदिवासी जनजाती समुदायको विद्यार्थीको लागि छात्रवृत्ती

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

ग) बुहारी छात्रवृत्ती

घ) प्राविधिक धार तर्फ उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ती

ङ) एम.बी.बी.एस. अध्ययन छात्रवृत्ती

४. दफा ३ को देहायका शिर्षकहरुमा आवश्यकता, औचित्यता र वजेट उपलब्धताको आधारमा गाउँसभाले कार्यक्रम तर्जुमा गर्नेछ ।

५. दफा ४ बमोजिम कार्यक्रम तर्जुमा गर्नको लागि शाखाले गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद विकास शाखा र समितिसँग समेत समन्वय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत सभामा पेश हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ३

## छात्रवृत्ती वितरण

६. दफा ३ को देहाय (क) र (ख) सम्मको हकमाः

क) बार्षिक कार्यक्रम तथा वजेटको आधारमा शाखाले सूचना तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

ख) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको प्रशासन शाखा र सूचना प्रविधि शाखा मार्फत सूचना प्रकाशन गर्नेछ ।

ग) सूचना बमोजिम प्राप्त आवेदन गाउँपालिकाको प्रशासन शाखाले दर्ता गरी दर्ता किताबमा जनाई आवेदनहरुलाई फायलिङ्ग गरी सुरक्षित राख्नु पर्नेछ ।

घ) आवेदन पेश गर्ने अवधी समाप्त भए पछि बस्ने कार्यपालिकाको पहिलो बैठकमा उक्त आवेदनहरुलाई वजेट सीमा अनुसार छनौटको लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

ङ) लाभग्राही छनोट गर्दा कार्यपालिकाले निजको आर्थिक अवस्था, लिङ्ग, सम्प्रदाय, शैक्षिक स्तर आदि जस्ता विषयलाई आधार बनाउनु पर्नेछ ।

७. दफा ३ को देहाय (ग) देखि (ङ) सम्मको हकमाः

क) यस्ता छात्रवृत्तीहरु कार्यक्रम तथा वजेटमा शिक्षा यूवा तथा खेलकूद विकास शाखा मार्फत व्यवस्था हुनेछ ।

ख) बार्षिक कार्यक्रम तथा वजेटको आधारमा शिक्षा यूवा तथा खेलकूद विकास शाखाले सूचना तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

ग) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको प्रशासन शाखा र सूचना प्रविधि शाखा मार्फत सूचना प्रकाशन गर्नेछ ।



भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

घ) सूचना बमोजिम प्राप्त आवेदन गाउँपालिकाको प्रशासन शाखाले दर्ता गरी दर्ता किताबमा जनाई आवेदनहरुलाई फायलिङ्ग गरी सुरक्षित राख्नु पर्नेछ ।

ङ) आवेदन पेश गर्ने अवधी समाप्त भए पछि बस्ने कार्यपालिकाको पहिलो बैठकमा उक्त आवेदनहरुलाई वजेट सीमा अनुसार छनौटको लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

च) लाभग्राही छनोट गर्दा कार्यपालिकाले देहायको आधारमा कूल अंङ्कभार १०० मा सबभन्दा बढि अंङ्क प्राप्त गर्ने लाभग्राहीलाई छनोट गर्नु पर्नेछ।

| क्र.सं. | अङ्क दिने आधारहरु | प्रदान गर्नुपर्ने अङ्क |
|---|---|---|
| १. | आर्थिक रुपमा सम्पन्न भएमा ५, मध्यम भएमा १०, विपन्न भएमा १५ र अति विपन्न भएमा २० अङ्क | 20 |
| २. | पुरुष भएमा १० र महिला भएमा २० अङ्क | 20 |
| ३. | अन्य जाती भएमा १०, आदिवासी जनजाती भएमा २० र दलित भएमा ३० अङ्क | 30 |
| ४. | छात्रवृत्तीबाट अध्ययन गर्ने तहमा प्रवेश पाउनको लागि आवश्यक पर्ने शैक्षिक योग्यताको परीक्षामा तृतीय श्रेणी वा जी.पी.ए. C सम्म भएमा १०, द्वितीय श्रेणी वा जी.पी.ए. B सम्म भएमा २०, प्रथम श्रेणी वा जी.पी.ए. A सम्म भएमा २५ र विशिष्ट श्रेणी वा जी.पी.ए. A+ भएमा ३० अङ्क | 30 |
| जम्मा | | 100 |

८. दफा ३ को देहाय (ङ) को लाभग्राहीलाई उक्त छात्रवृत्तीको लागि छनोट गरि सकेपछि कोर्ष पूरा नभए सम्म लगातार छात्रवृत्ती उपलब्ध गराइने छ ।

९. दफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विषय, सेमेष्टर वा शैक्षिक बर्षमा अनुतीर्ण भएको कारण कोर्ष लम्बिएमा सो अवधीको लागि छात्रवृत्ती उपलब्ध गराइने छैन ।

## परिच्छेद ४
## लाभग्राही हुनको लागि पेश गर्नु पर्ने कागजात

१०. लाभग्राही हुनको लागि देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) निवेदन

ख) अध्ययनरत रहेको खुल्ने प्रमाण

ग) सम्बन्धित शैक्षिक संस्थाको सिफारिस

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

घ) छात्रवृत्तीबाट अध्ययन गर्ने तहमा प्रवेश पाउनको लागि आवश्यक पर्ने शैक्षिक योग्यताको लब्धांक प्रमाण-पत्र

ङ) नागरिकता (आफ्नो नभएमा अभिभावकको नागरिकता)

## परिच्छेद ५

## लाभग्राहीको दायित्व

११. यस कार्यविधि बमोजिम लाभग्राहीको देहाय बमोजिम दायित्व हुनेछ।

क) कक्षा १० सम्म अध्ययनरत लाभग्राहीले कुनै पनि विल भर्पाई पेश गर्नु पर्ने छैन ।

ख) देहाय (क) मा जुन सुकै कुरा लेखिएको भएता पनि शैक्षिक अध्ययन बाहेक अन्य सीपमूलक तथा प्राविधिक तर्फको विद्यामा भएमा सम्बन्धित शैक्षिक संस्थाको बिल अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग) उपदफा ३ को देहाय (ङ) को लाभग्राहीले छात्रवृत्ती प्राप्त गरेको प्रत्येक आ.व. को लागि ६ महिनाको दरले अनिवार्य रुपमा गाउँपालिकाको अस्पतालमा सेवा दिनु पर्नेछ ।

घ) देहाय (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ पालिकाको अस्पतालमा मिल्दो दरबन्दी नभएमा गाउँकार्यपालिकाको निर्णय बमोजिम लाभग्राहीले त्यस्तो सेवा उपलब्ध नगराउन सक्नेछ ।

ङ) देहाय (ग) बमोजिम सेवा प्रदान गर्दा लाभग्राहीलाई गाउँपालिकाले नेपाल सरकारले व्यवस्था गरे बमोजिमको न्यूनतम सेवा सुविधा उपलब्ध गराउने छ ।

## परिच्छेद ६

## विविध

१२. यस कार्यविधिमा छुटेका कुनै विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

आज्ञाले,
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner